सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

# दैनिक ज्योती जागरण

Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: ३ | अंक : १४४ | वि.सं. २०८० पुस ०६ शुक्रबार | 22 2023 Friday, DEC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ




## पकाहामैनपुर गाउँपालिकाको नियुक्तिमा भागबन्डा , उपाध्यक्षको ५० वर्षिय श्रीमान कर्मचारीमा नियुक्त ।



कृष्णा प्र. कुशवाहा

वीरगन्ज । पर्साको पकाहाँ मैनपुर गाउँपालिकामा राजनीतिक भागबन्डाको आधारमा अवैधानिक तरिकाले कर्मचारी नियुक्त गरिएका छन् । गाउँपालिकामा उपाध्यक्षमा निर्वाचित सर्फुन नेशाका ५० वर्षिय श्रीमान मोहमद नर्शुलाह मियाँको पालिकाको कर्मचारीमा नियुक्त गरिएको छ। नेपाल सरकारको ऐन अनुसार ४० वर्ष सम्मका लाई मात्र कर्मचारीमा नियुक्त गर्ने प्रावधान रहेको हुँदा कुन ऐन नियमले मियाँको नियुक्ति गरिएको छ भने सोध्दा जवाब दिन पालिकामा कोई भेटिएनन् ।

यसरी हेर्दा दर्जनौ गाउँपालिकामा नियुक्ति गरिएको छ । जुन नियुक्तिले अहिले पालीमा ठूलो समस्या निम्त्याएको छ। पालिका अध्यक्ष सुरेश मेहता र उपाध्यक्ष सर्फुन् नेशालाई नियम ऐन मिचेर भागबन्डा लगाई नियुक्ति गरिएको छ। अध्यक्ष मेहताको निकट रहेका मुक्ति शर्मा कुमार शर्मालाई मासिक ज्यालादारीमा , सुनिल कुमार चौहानलाई मासिक ज्यालादारीमै , सुबोध कुमार कुशवाहा , सुबोध मेहता , छठु प्रसाद तेलीलाई जनसम्पर्क तथा सामजिक सामान्य सल्हकारमा , मुना राउत कुर्मी कार्यालय सहयोगी लगायतको नियुक्ति अवैधानिक तरिकाबाट गरिएको छ । यस्ता अरू थुप्रै फर्जी नियुक्ति गरिएको छ । जस मध्ये कतिपयले सेवा सुविधा

बाँकी तेश्रो पृष्ठमा

## अनुचित लेनदेनसम्बन्धी चार सय ५९ उजुरी फछ्यौंट




वीरगंज जिल्ला प्रशासन कार्यालय पर्साले अनुचित लेनदेन ९मिटरब्याज०सम्बन्धी परेको उजुरीमध्ये हालसम्म चार सय ५९ वटा उजुरी फछ्र्यौंट गरेको छ ।

अनलाइनबाट दर्ता भएका एक हजार आठ सय ७५ उजुरीमध्ये छलफल विधिबाट चार सय ५९ वटा उजुरी पीडितको पक्षमा फछ्र्यौंट गरिएको पर्साका सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालले जानकारी दिए ।यस्तै सहमति नभएपछि दुई मुद्दा अदालतमा दर्ता भएको जनाएको छ । दर्ता भएका उजुरीमध्ये नौ सय १८ उजुरीको छानबिन गर्दा चार सय ५९ वटामा दुवै पक्षबीच सहमति भएर फछ्र्यौंट भएको सहायक प्रमुख जिल्ला अधिकारी लम्सालले बताए । उनका अनुसार छानबिनपश्चात ८४ कित्ताको १६ बिघा छ धुर आठ कनवा जग्गा र दुवै पक्षको सहमतिमा रु आठ करोड ८७ लाख ३५ हजार ६१ फिर्ता गराइएको छ ।मिटरब्याजीविरुद्ध हाल अनलाइनबाट दर्ता भएका उजुरीमा सबैभन्दा बढी लेनदेन र जग्गा-जमिनसम्बन्धी मिटरब्याजपीडितको उजुरी बढी छ । कसै-कसैले थोरै रकम दिएर त्यसबापत बढीको कपाली तमसुक गरेको, दोब्बर-तेब्बरसम्म बढीको बैंक चेक धितोबापत राख्ने

बाँकी तेश्रो पृष्ठमा

## छिपहरमाई गाउँपालिका
## छिपहरमाई गाँउ कार्यपालिकाको कार्यालय
## भिस्वा, पर्सा
## प्रदेश नं २, नेपाल

### करारमा सेवा लिने सम्बन्धि सूचना

पहिलो पटक सुचना प्रकाशित मिति : २०८०।०९।०६

छिपहरमाई गाउँपालिका गाउँ गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत तपसिल बमोजिमका करार सेवामा लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले दस्तुर तिरेको रसिद तथा तोकिएको कागजात सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम र अन्य जानकारी कार्यपालिकाको कार्यालय भिस्वाबाट उपलब्ध हुनेछ ।

तपसिल

| क्र.स. | विज्ञापन नं. | पद | तह | मांग संख्या | आवेदन दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०१।२०८०।८१ | सिभिल ईन्जिनियर | छैठो तह सरह | १ (एक) | रु १,०००।०० |
| २ | ०२।२०८०।८१ | कार्यालय सहयोगी | - | १(एक) | रु ५००।०० |

**१. आवश्यक न्युनतम योग्यता र अनुभव**

- सिभिल ईन्जिनियरको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कम्तिमा सिभिल ईन्जिनियरिङ्ग स्नातक तह उत्तिर्ण भएको ।
- कार्यालय सहयोगीको हकमा कक्षा ८ उत्तीर्ण भएको वा सो सरह
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
- कुनै पनि कानुनले अयोग्य नभएको ।

**२. दरखास्त दिने स्थान :** छिपहरमाई गाँउ कार्यपालिकाको कार्यालय, भिस्वा, पर्सा ।

**३. दरखास्त दिने अन्तिम मिति :** २०८०।०९।२० ***गते शुक्रवार सम्म ।***

**४. छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सुचि प्रकाशन तथा अन्तर्वार्ता ।

**५. राजस्व बुझाउने खाताको नाम र नं. :** ग १.१ आन्तरिक राजश्व खाता नं. L6CA000187452406

**६. आवेदन साथ संल्गन कागजातहरु :**

- नागरिकता
- न्युनतम योग्यताको लाबधांक प्रमाण पत्र
- चारित्रिक प्रमाण पत्र
- काम संग सम्बन्धित अनुभव भए सोको कागजात
- ३ प्रति पासपोर्ट साईजको फोटो

**७.सेवा सुविधा तथा अन्य :** नियमानुसार ।

प्रमुख प्रशासकिय अधिकृत

## नेपाल भारत आर्थिक सम्बन्ध : ‘सहकार्यमा नयाँ दृष्टिकोणको खाँचो’



वीरगञ्ज । वीरगञ्ज उद्योग वाणिज्य सङ्घ र पिएचडी चेम्बर अफ कमर्श एण्ड इण्डष्ट्रीको संयुक्त आयोजना र भारतीय महावाणिज्य दूतावास, वीरगञ्जको सहकार्यमा नेपाल भारत आर्थिक साझेदारी शिखर सम्मेलन २०२३ को दोस्रो संस्करण एक समारोहका बीच नेपालको आर्थिक राजधानी वीरगञ्जमा सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा स्वागत मन्तव्य प्रस्तुत गर्नुहुँदै वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले भारत नेपाल बीचको बहुआयामिक सम्बन्धका बारे चर्चा गर्दै दुई पक्षीय व्यापार विस्तारका लागि दुवै देशका सरकारले खेल्नु पर्ने भूमिका र सिमावर्ती क्षेत्रमा आइरहने कठिनाईको समाधानको लागि स्थानीयस्तरबाट पहल गरिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले सुविधा सम्पन्न क्वारेन्टाईन तथा खाद्य प्रयोगशालाको स्थापना हुनुपर्ने, डिस्प्युट सेलको स्थापना गरिनुपर्ने, तेस्रो मुलुकका पार्ट/पुर्जा, स-साना मेशिनरी तथा जीवन उपयोगी औषधीहरु भारतबाट समेत आयात गर्ने व्यवस्था हुनु पर्ने, नेपाली सवारी साधानलाई भारतमा सहज प्रवेशको व्यवस्था हुनुपर्ने लगायतका विषयहरु राख्नु भएको थियो ।

सम्मेलनका प्रमुख अतिथि भारतीय महावाणिज्य दूतावास, वीरगञ्जका महावाणिज्यदूत देवी सहाय मीणाले भारत र नेपाल बीचको व्यापार विस्तारको लागि भारत सदियौंदेखि सहयोग गर्दै आएको र आगामी दिनहरुमा समेत सहयोग गर्ने बताउनुभयो । उहाँले भारत र नेपाल बीचको जुनसुकै व्यापारिक अवरोधलाई हटाउन भारतीय महावाणिज्य दूतावास सदैव तयार रहेको बताउनुभयो ।

बाँकी तेश्रो पृष्ठमा